आज मिति २०८० साल माघ २९ गते सोमवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | कार्यवाहक वडाध्यक्ष वडा नं २ | श्री विष्णु कुमारी राई | |
| २० | सचिव | श्री धन कुमार राई | |
| २१ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१०/२९

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालाङ्खा, भोजपुर

०८०/१०/२९
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. स्वास्थ्य तर्फको करार कर्मचारीको म्याद थप सम्वन्धमा
२. स्वास्थ्य चौकी बालंखामा कार्यरत कर्मचारीहरुको व्यावस्थापन सम्वन्धमा
३. शित भण्डार गृह निर्माणको इ-टेण्डर सम्वन्धमा
४. सडक मर्मत तथा स्तर उन्नतीकोको रकम भुक्तानी सम्वन्धमा
५. शैक्षिक सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्वन्धमा
६. विद्यालयहरुमा अतिरिक्त कृयाकलाप सञ्चालनको लागि सामग्री खरीद तथा वितरण सम्वन्धमा
७. संसोधित योजना तथा कार्यक्रमहरुको विवरण पेश सम्वन्धमा
८. आमचोक गाउँपालिकामा विधुतीकरण सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई कार्य सम्पादनको आधारमा तपशिल वमोजिमको स्वास्थ्य तर्फको करार कर्मचारीहरुको म्याद २०८० पौष मसान्तदेखि समाप्त भएकोले सोहि मितिदेखि लागुहुने गरी ६ महिनाको लागि २०८१ असार मसान्त सम्म थप गर्ने ।

| क्र.सं. | नाम थर | पद | कार्यरत कार्यालय | श्रोत | सेवा |
|---|---|---|---|---|---|
| १ | सुदिक्षा राई | हे अ | वासिङ्थर्पु स्वास्थ्य चौकी | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक शिर्षकवाट | करार |
| २ | बिर्षिका राई | अ हे व | वासिङ्थर्पु स्वास्थ्य चौकी | " | करार |
| ३ | मनिष कुमार साह | हे अ | स्वास्थ्य चौकी दुम्माना | " | करार |
| ४ | अन्जना शेर्पा | अ न मी | स्वास्थ्य चौकी यूँ | " | करार |
| ५ | पुनम कुमारी मल्लाह | अ न मी | स्वास्थ्य चौकी यूँ | " | करार |
| ६ | नवलसिं बस्नेत | हे अ | थिदिंखा स्वास्थ्य चौकी | " | करार |
| ७ | कासिन्द्र कुमार यादव | हे अ | बालंखा स्वास्थ्य चौकी | " | करार |
| ८ | सुनिता प्रधान | अ हे व | बालंखा स्वास्थ्य चौकी | " | करार |
| ९ | पारु राई | अ न मी | बालंखा स्वास्थ्य चौकी | " | करार |
| १० | सृजना राई | अ हे व | पावला स्वास्थ्य चौकी | " | करार |
| ११ | पुजन कार्कि | अ न मी | पावला स्वास्थ्य चौकी | " | करार |
| १२ | दिप नारायण महतो | हे अ | देवान्टार स्वास्थ्य चौकी | " | करार |
| १३ | यसोदा राई | अ हे व | देवान्टार स्वास्थ्य चौकी | " | करार |
| १४ | धर्म नारायण साह | अ हे व | बसाईगाँउ आधारभुत स्वास्थ्य सेवा केन्द्र | " | करार |
| १५ | किरण कुमारी चौधरी | अ न मी | दिङ्लापु आधारभुत स्वास्थ्य सेवा केन्द्र | " | करार |
| १६ | शितल राई | अ न मी | हेखाराङ सामुदायिक स्वास्थ्य ईकाई | " | करार |
| १७ | कौशिला श्रेष्ठ | अ हे व | स्वास्थ्य चौकी दुम्माना | " | करार |
| १८ | कला राई | अ न मी | स्वास्थ्य चौकी दुम्माना | " | करार |
| १९ | राम जन्म यादव | हे अ | पाङ्चा स्वास्थ्य चौकी | " | करार |
| २० | बिजेता चौधरी | अ न मी | पाङ्चा स्वास्थ्य चौकी | " | करार |
| २१ | ममता राई | अ न मी | पाङ्चा स्वास्थ्य चौकी | " | करार |
| २२ | राधा कुमारी चौधरी | अ न मी | स्वास्थ्य चौकी बालंखा बर्थिङ सेन्टर | " | करार |
| २३ | गौमाया राई | अ न मी | स्वास्थ्य चौकी देवान्टार | " | करार |
| २४ | निशा बिष्ट | अ न मी | स्वास्थ्य चौकी थिदिंखा | " | करार |
| २५ | धर्मबिर ठाकुर | हे अ | दिङ्लापु आधारभुत स्वास्थ्य सेवा केन्द्र | " | करार |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

२०८०/१०/२९ अध्यक्ष

| क्र.सं. | नाम थर | पद | कार्यरत कार्यालय | श्रोत | सेवा |
|---|---|---|---|---|---|
| २६ | मित्रकला राई बिष्ट | का स | बालंखा स्वास्थ्य चौकी | " | करार |
| २७ | अमृता राई | का स | बसाईगाँउ आधारभुत स्वास्थ्य सेवा केन्द्र | " | करार |
| २८ | सुनिल राई | का स | दिङ्लापु आधारभुत स्वास्थ्य सेवा केन्द्र | " | करार |
| २९ | रिणुका राई | का स | हैखाराङ सामुदायिक स्वास्थ्य ईकाई | " | करार |
| ३० | उध्दव विश्वकर्मा | का स | स्वास्थ्य चौकी वासिङथर्पु | " | करार |
| ३१ | निमा शेर्पा | का स | स्वास्थ्य चौकी थिदिंखा | " | करार |
| ३२ | सुनिता बस्नेत | का स | स्वास्थ्य चौकी यूँ | " | करार |
| ३३ | अचम्ममाया राई | का स | स्वास्थ्य चौकी देवान्टार | " | करार |
| ३४ | सन्तोष राई | का स | स्वास्थ्य चौकी पाङ्चा | " | करार |

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल भइ आमचोक गाँउपालिका वडा नं ४ स्थित बालंखामा चिकित्सक सहितको आधारभुत अस्पताल संचालन गर्ने निर्णय अनुसार यस आ.व.२०८०/८१ देखी शहिद पार्कमा रहेको पुस्तकालय भवनमा उक्त अस्पताल संचालनको लागि व्यवस्थापन भए वमोजिम आधारभुत अस्पतालमा १८ जनाको दरबन्दि रहेतापनि हाल २ स्टाफनर्स १ ल्याब टेक्निसियन र १ कार्यालय सहयोगी करार नियुक्ति गरी कार्यरत रहेको साथै १ मेडिकल अधिकृत नियुक्ति प्रकृयामा रहेकोले अस्पताल तथा प्रसुति गृह बाट उपलब्ध हुने सेवा व्यवस्थित तथा प्रभावकारी रुपमा संचालनको लागि दरबन्दि अनुसारकै थप आवश्यक जनशक्ति व्यवस्थापन गर्न गराउन आवश्यक रहेको र उक्त व्यवस्थापन नहुन्जेल बालंखा स्वास्थ्य चौकीमा कार्यरत रहेको निम्न कर्मचारीहरुलाई अर्को व्यवस्था नहुन्जेल सम्मको लागि कामकाज गर्ने गरी आधारभुत अस्पतालमा खटाउने साथै आवश्यक्ता अनुसार अन्य स्वास्थ्य संस्थाहरुमा व्यावस्थापन गर्दै लाने ।

तपशिल

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | अमृत वनेम | सि अ न मी छैठौ |
| २ | कासिन्द्र कुमार यादव | हे अ |
| ३ | हेमराज बिष्ट | अ हे व |
| ४ | निशा बिष्ट | अ न मी |
| ५ | पारु राई | अ न मी |
| ६ | सुनिता प्रधान | अ हे व |
| ७ | मित्रकला राई बिष्ट | का स |

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भइ यस आमचोक गाऊँपालिकालाई नेपाल सरकारबाट समपुरक अनुदान मार्फत आ.व. २०८०-८१ को स्वीकृत कार्यक्रम अन्तर्गत " शीत भण्डार गृह निर्माण" कार्यको लागि रु.५०,००,०००।- बजेट बिनियोजन भएकोले उक्त कार्यको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार आमचोक गा.पा. , मोरङ्, सुनसरी र काठमाण्डौ जिल्ला को आ.व. २०८०-८१ को स्वीकृत जिल्ला दररेटको अधिनमा रही तयार गरिएको जम्मा लागत अनुमान रु. २५२८९१००.०६।( दुइकरोड बवन्नलाख उनासीहजार एकसय रुपैया छपैसा मात्र) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृत गर्ने साथै उक्त कार्यको लागि नेपाल सरकारबाट प्राप्त रकममा अपुग हुने रकम यस आमचोक गाउँपालिकाको कार्यालयले ब्यहोर्ने गरी वहुवर्षिय इ-टेण्डर गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/१०/२९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८०/१०/२९ अशोक राई अध्यक्ष

**निर्णय नं.४**
प्रस्ताव नं ४ माथि छलफल भई आमचोक २ यूँ र रामप्रसादराई गाउँपालिका जोड्ने भोजपुर -रामप्रसादराई -आमचोक सडकको मर्मत तथा स्तर उन्नतीको लागि रामप्रसादराई गाउँपालिकासंग समन्वय गरी प्राविधिक अनुमान वमोजिम वढीमा १० लाखसम्म मर्मत सम्भार कोषवाट भुक्तानी हुने गरी सडक मर्मत तथा स्तरउन्नती गर्ने भनी कार्यपालिकाले निर्णय गरे वमोजिम उक्त कार्य सम्पन्न भएको हुदा सम्झौता वमोजिम मायुमी कन्स्ट्रक्सन काठमाण्डौलाई प्राबिधिक मुल्याङकन अनुसार तपशिल बमोजिमको रकम भुक्तानी दिने ।

तपशिलः
- जम्मा लागत रु. ७८७८७५.४०।
- मु.अ.कर (१३%) रु. ११७७२८.५०।
- कन्टिन्जेन्सी (३%) रु. २३६३६.२६।
- जम्मा खर्च हुने रकम रु. ९२९२४०.१७।

**निर्णय नं.५**
प्रस्ताव नं ५ माथि छलफल भइ विद्यालयमा शैक्षिक सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान वितरण सम्बन्धमा सूचना प्रकाशन गरी छनौट भएका तपशिल वमोजिमको विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्न अनुदान उपलव्ध गराउनको लागि गाउँ शिक्षा समितिद्वारा सिफारिस भइ आए वमोजिम तपशिल वमोजिमको विद्यालयहरु छनौट गर्ने ।
तपशिल

| क्र.सं. | विद्यालय | कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि.यूँ | विद्यालयमा पुस्तकालय व्यवस्थापन | ६५००००। |
| २ | श्री लक्ष्मी मा.वि.पाङ्चा | विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | ६५००००। |

**निर्णय नं.६**
प्रस्ताव नं.६ माथि छलफल भई सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन तथा पुरस्कारको लागि नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को गाउँसभावाट विनियोजित रु.५०००००। रकमवाट पेन्सिल,इरेजर,पेन्सिल कटर,कपि(८० पेज,६० पेज र ४० पेज) र डट्पेन (तीन किसिमको) खरीद गरी विद्यालयहरुलाई उपलव्ध गराउनको लागि गाउँ शिक्षा समितिवाट सिफारिस भए वमोजिम खरीद गरी वितरण गर्ने ।

**निर्णय नं.७**
प्रस्ताव नं.७ माथि छलफल भई सवै वडाहरुले आर्थिक वर्ष २०८०/८१ वडास्तरीय योजना तथा कार्यक्रमहरुको संसोधन गरी पन्ध्रौ हिउँदे गाउँसभामा पेश गर्नु पर्ने विवरणहरु वडा समितिको निर्णय सहित २०८० फाल्गुन १० गते हुने कार्यपालिकाको वैठकमा पेश गर्ने साथै गाउँपालिका स्तरीय योजनाहरुको संसोधन गर्नु पर्ने विवरण अध्यक्ष,उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख र सवै शाखाहरुले सोहि कार्यापालिकाको वैठकमा पेश गर्ने ।

**निर्णय नं.८**
प्रस्ताव नं.८ माथि छलफल भई नेपाल विधुत प्राधिकरण केन्द्रिय कार्यालयवाट आमचोक गाउँपालिकाको हाईटेन्सन तथा लो टेन्सन लाईन वितरण समेत समावेश गरी बोलपत्र आह्वान भइ सम्झौता भएको तर उक्त सम्झौता वमोजिमको कार्यमा आमचोक गाउँपालिका वडा नं.४ को बालंखालाई शाखा लाइन विस्तार गर्न आवश्यक पर्ने विधुत पोल(एल टी पोल) छुटेर एक थान पनि नपरेको र अन्य वडाहरुमा पनि सो पोल अप्रयाप्त भएकोले नेपाल विधुत प्राधिकरण केन्द्रिय कार्यालय काठमाण्डौ, नेपाल विधुत प्राधिकरण भोजपुर वितरण केन्द्र र भोजपुर संखुवासभा ११/० के भि ग्रामीण विधुतिय आयोजना दरवारमार्ग काठमाण्डौलाई सम्झौता वमोजिम अपुग भएको पोलहरु यथाशाक्य चाँडो उपलव्ध गराउनको लागि पहल/पत्रचार गर्ने ।

२०८०/१०/२९
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

०८०/१०/२९
अशोक राई
अध्यक्ष